पराजित भए तीन ठूला क्लब

म्यानचेस्टर सिटीमा ४-० को हारसँगै म्यानचेस्टर युनाइटेडका प्रशिक्षक रुबेन अमोरिमलाई हटाउनुपर्ने आवाज निस्किएको थियो। तर, चेल्सीमाथि २-१ को जितपछि उनीमाथिको दबाब हटेको अनुमान गरिए पनि युनाइटेडले अर्को खराब प्रदर्शन गरेको छ।

लन्डन, असोज ११ (एएफपी)- ब्रुनो फर्नान्डेजले पेनाल्टी खेर फालेको खेलमा शनिबार ब्रेन्टफोर्डसँग पराजित भएपछि म्यानचेस्टर युनाइटेडका प्रशिक्षक रुबेन अमोरिम दबाबमा परेका छन्।

इङ्गलिस प्रिमियर लिगमा म्यानचेस्टर युनाइटेड शनिबार ब्रेन्टफोर्डसँग २-१ को हार सामना गरेको थियो, जहाँ ब्रुनोले पेनाल्टी अवसर खेर फाले । अमोरिमको टोली युनाइटेडले खराब प्रदर्शनको मूल्य चुकाउँदा इगोर थियागोले सुरुका २० मिनेटमा नै दुई गोल गरे । युनाइटेडको रक्षात्मक प्रदर्शनपछि ब्रेन्टफोर्डले त्यसका सदुपयोग गरेको हो । बेन्जामिन सेस्कोले युनाइटेडका लागि पहिलो गोल गर्दै पहिलो हाफ अगाडि क्लबको अन्तर घटाए । युनाइटेडका कप्तान ब्रुनोले खेलमा बराबरी गर्ने अवसर पाए । तर, दोस्रो हाफको अन्तिर पाएको त्यो अवसर उनले खेर फाले । ब्रुनोको प्रहार ब्रेन्टफोर्डका गोलकिपर काउभिन केलले रोकेका हुन् ।

ब्रन्टफोर्डविरुद्ध पेनाल्टी प्रहार गर्दै म्यानचेस्टर युनाइटेडका ब्रुनो फर्नान्डेज । तस्बिर : एपी

खेलको इन्जुरी समयमा म्याथियस जेसोसले गोल गर्दै ब्रेन्टफोर्डलाई सहज जित दर्ता गराए । 'हामीले खेललाई आफ्नो नियन्त्रणमा राख्न सकेनौं । पहिलो बल, दोस्रो बल र सेट पिसमा सफल भएन । त्यसले असहज स्थिति आयो,' अमोरिमले भने,' लामो पास निकन्छन् र उनीहरूले सदुपयोग गर्न सक्छन् भन्ने थियो । त्यहीअनुरूप सफलता पनि पाए । अब धेरै राम्रो गर्नुपर्छ । आज हाम्रो खेल खेल्न सकेनौं । हार सहज भएन । तर, आगामी खेलका बारेमा सोच्नेछौं ।' अमोरिम जित निकाल्ने लक्ष्यसहित आएका थिए । यद्यपि, उनको टोलीले सो अनुरूप खेल्न सकेन । यो खराब प्रदर्शनपछि उनी बर्खास्तीमा पर्न सक्छन् । गत नोभेम्बरमा एरिक टेन हागको स्थानमा अमोरिम स्पोर्टिङ लिस्बनबाट आएका हुन् ।

यस सिजनको प्रिमियर लिगमा युनाइटेडले ६ मध्ये तीन खेल जितेको छ । लिगमा दुई खेल मात्र जितेको युनाइटेड अहिले १३औं स्थानमा छ । गत अगस्टमा चौथो श्रेणीको क्लब फिम्बीसँग लिग कपमा भएको अप्रत्याशित हारपछि नै अमोरिमको भविष्यबारे धेरै अनुमान भइरहेका छन् । आफ्नै खेलाडीबाट पुण्य पाएकाले उनले राजीनामा नै दिने सोच बनाएको समाचार पनि आएका थिए । म्यानचेस्टर सिटीमा ४-० को हारसँगै उनलाई हटाउनुपर्ने आवाज निस्किएको थियो । चेल्सीविरुद्ध २-१ को जितपछि उनीमाथि रहेको दबाब हटेको अनुमान गरिए पनि युनाइटेडले अर्को खराब प्रदर्शन सामना गरेको छ ।

युनाइटेडले पछिल्ला पाँच खेलमध्ये तीन खेलमा हार सामना गरेको ब्रेन्टफोर्डसँग नतिजा सुम्पिएको हो । क्लबका सहमालिक जिम र्याटक्लिफसँग राम्रो सम्बन्धका कारण उनी अहिलेसम्म जोगिएको पनि चर्चा भइरहेको छ । जिमको विश्वासलाई जोगाइ राख्न उनले ओल्ड ट्राफोर्डमा हुने सन्डरल्यान्डसँगको आगामी खेलमा जित निकाल्नु पर्नेछ । त्यसपछि नै युनाइटेडले लिग च्याम्पियन लिभरपुलको यात्रा गर्ने तालिका छ । 'हामी सधैं एउटै कारणले हारिरहेका छौं । बस्ले धेरै दुखी बनाएको छ,'उनले भने ।

शनिबार नै भएका अन्य खेलमा चर्चित क्लब चेल्सी र लिभरपुल दुवै टोलीले हार सामना गरेका छन् । चेल्सी ब्राइटनसँग २-१ ले पराजित हुँदा लिभरपुलले क्रिस्टल प्यालेसलाई २-१ ले नतिजा सुम्पिएको हो । तर, म्यानचेस्टर सिटीले भने बर्नलीमाथि ५-१ को स्वाफिलो जित निकालेको छ । बर्नमाउथले लिड्सँग २-२ को बराबरी खेल्दै अंक बाँड्यो ।

पदक विजेता खेलाडी सम्मानित

काठमाडौं, असोज ११ (नागरिक)- विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्न सफल खेलाडी शनिबार सम्मानित भएका छन् ।

नेपाल बुटोकेंदो फुल कन्ट्याक्ट कराते संघले विजयादशमी, शुभ दीपावली, नेपाल सम्वत् र छठ पर्वको उपलक्ष्यमा अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीलाई सम्मान गरेको हो । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद्को सेमी कभर्डहलमा आयोजित कार्यक्रममा सम्मानित हुने खेलाडीहरू अजरबैजानको बाकुमा सम्पन्न विश्व बुटो मार्सल आर्ट्स च्याम्पियनशिपका पदक विजेता सागर बिष्ट, बबिता कार्की, रोचक भारती, पूजा खड्का र सुदर्शन खतिवडा हुन् । बबिता, रोचक र पूजाले किक बक्सिङ र फुल कन्ट्याक्ट विधामा स्वर्ण, सागरले किक बक्सिङमा स्वर्ण फुल कन्ट्याक्टमा रजत र सुदर्शनले किक बक्सिङमा रजतका साथै फुल कन्ट्याक्टमा स्वर्ण जितेका थिए ।

सोही प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गरेकी कल्पना र राजा क्षेत्री पनि सम्मानित भइन् । श्रीलंकामा भएको दक्षिण एसियाली फुल कन्ट्याक्ट कराते प्रतियोगिताको खुला तौलसमूहमा नेपाललाई स्वर्ण दिलाएका सनी सिंह, जापानमा भएको तेकुका कप फुल कन्ट्याक्ट कराते प्रतियोगिताको एकल कातामा कांस्य विजेता दावा शेर्पा र थाइल्यान्डमा सम्पन्न १०औं विश्व स्ट्रेन्थ लिफ्टिङ तथा इन्कलाब बेन्च प्रेसको पुरुष ५० वर्षमाथि ७५ केजीमा स्वर्ण जितेका केदारमान स्थापित पनि सम्मानित भए । आयोजकले नेपाल फुल कन्ट्याक्ट कराते महासंघका वर्तमानीत अध्यक्ष सूर्यबहादुर बुढाथोकीलाई पनि सम्मान गऱ्यो ।

नेपाल क्योकुसिन कराते डो संघ (कडा) का अध्यक्ष जगतप्रसाद गौतम, राष्ट्रिय खेलकूद परिषद्का सदस्य जगतसिंह थापी र नेपाल बुटोकेंदो फुल कन्ट्याक्ट कराते संघका अध्यक्ष वीरकृष्ण महर्जनले उनीहरूलाई सम्मान गरेका हुन् ।

नौ महिनामै बाहिरिए पोटर, भित्रिए नुनो

लन्डन, असोज ११ (एएफपी)- प्रशिक्षक ग्राहम पोटरलाई कार्यकालको ९ महिनामै जिम्मेवारी मुक्त गरेको वेस्ट हाममले उनको स्थानमा नटिङ्घम फोरेस्टका पूर्वप्रशिक्षक नुनो इस्पिरिटो सान्टोलाई भित्र्याएको छ ।

इङ्गलिस प्रिमियर लिगमा सोमबार एभर्टनको बाजाअगाडि पुछारबाट दोस्रो स्थानमा रहेपछि पोटरको बर्खास्त हुने आशंका गरिएको थियो । एभर्टनसँगको खेलअघि नै नुनो वेस्ट हाममको प्रशिक्षक हुने सक्ने चर्चा थियो । वेस्ट हाममको बोर्डसँग सकारात्मक छलफल भएपछि वेस्ट लन्डन क्लबले नुनोले जिम्मेवारी सुम्पिएको छ । यस सिजन लिगका पाँच खेलमा पोटरले मात्र तीन अंक दिलाएका छन् । साथै कुम्भासँग हारपछि लिग कपबाट पनि वेस्ट हाम बाहिरिसकेको छ । चेल्सी र ब्राइटनका पूर्वप्रशिक्षक पोटरले गत जनवरीमा मात्र लन्डन क्लबको जिम्मेवारी पाएका हुन् ।

वेस्ट हाममले लिगको १४औं स्थानमा रहेर गत सिजनको अन्त्य गरेकाले उनीमाथि बर्खास्त सुरुआतमा नै राम्रो गर्न दबाब थियो । गत अन्तिम साता क्रिस्टल प्यालेससँग पराजित भएपछि नै पोटर बर्खास्त सक्ने चर्चा चलेको थियो । उनको प्रशिक्षणमा वेस्ट हाममले यस सिजनका ९ खेलमध्ये पाँच खेल हारेको छ । शुक्रबार क्लबको क्रिस्टाल पेस कन्फेरेन्स भएको २४ घन्टापछि नै उनलाई जिम्मेवारीबाट हटाइएको हो । 'गत सिजनको राम्रोमा पाएको नतिजा र प्रदर्शन दुवै क्लबको आशाअनुरूप हुन सकेन । यस सजन निकै खराब सुरुआत भयो । बोर्ड अफ डाइरेक्टरले क्लबको पोजिसनमा सुधार गर्ने हो भने परिवर्तन आवश्यक छ भने निष्कर्ष निकाल्यो ।

आफूलाई हटाइएपछि पोटरले अझै केही समय आफ्ना लागि आवश्यक थियो भन्ने संकेत दिएका छन् । 'वेस्ट हाम क्लब छाड्दा धेरै दुखी छु । अझ केही पनि प्राप्त नगरी कन बाहिरिनु पर्दा दुःख लागेको छ । वेस्ट लन्डनको बाटामा जे लक्ष्य प्राप्तिका लागि गएको थिएँ, त्यो पूरा हुन सकेन । अहिले नै नतिजा आउन पर्दापर्दा थिए,'उनले भने, ' यो अवसरका लागि पनि बोर्डलाई धन्यवाद दिन चाहन्छु । पछिल्ला आठ महिना यो ऐतिहासिक क्लबको जिम्मेवारी बहन गर्दा धेरै खुसी छु । यो क्लबले फुटबलमा ठूलो इतिहास बोकेको छ ।'

तीन महिना अगाडि मात्र टोटनहाम र कुम्भाका प्रशिक्षक नुनो फोस्टबाट बर्खास्तीमा परेका थिए । क्लब मालिकसँग खराब सम्बन्धपछि उनले फोरेस्ट छाड्नु परेको हो । गत सिजन नुनोकै प्रशिक्षणमा क्लबले युरोपियन प्रतियोगितामा १० वर्षपछि स्थान बनाएको थियो । प्रिमियर लिगमा साती स्थान प्राप्त गरेपछि फोरेस्ट युरोपेली प्रतिस्पर्धाका लागि योग्य भएको हो । उनले कुम्भालाई पनि इङ्गलिस फुटबलको शीर्ष डिभिजन फर्काउन योगदान दिएका थिए । उनै युरो संकटमा रहेको वेस्ट हाममको प्रशिक्षकमा नियुक्त भएका छन् ।

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशन मिति: २०८२/०६/१२

यस नगरपालिकाबाट निम्न योजनाहरूको लागि e-bid मार्फत बोलपत्र आव्हान गरिएको हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस कार्यालयको वेबसाईट www.namobuddhaman.gov.np मा हेर्न सकिनेछ ।

तपसिल:

ठेक्का नं.	कार्यको विवरण	धरौटी रकम	दरभाउपत्र दस्तुर
NMUN/NCB/ Works/01/082/83	Upgrading of 2 No. Ward Office to Salthumki Road	NRs. 650,000/-	NRs. 5000
NMUN/NCB/ Works /02/082/83	Construction of 26 Kilo hudai Kulainthan Sadak Staronnati	NRs. 650,000/-	NRs. 5000
बैङ्क खाता नं.	**Name of the Bank:** Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch **Office Name:** Namobuddha Municipality Office **Office Code:** 801032602 **Rajswo Shirshak:** 14219 **Rajaswa (revenue) account no (for bid fee): Ga-1-1-1540100301010002** **Dharauti Account No. (For Bid Security): Ga-3-1540100303000002**		

Government of Nepal
Ministry of Health and Population
National Academy of Medical Sciences
Bir Hospital
Mahabouddha, Kathmandu

Invitation for Bid

Date of Publication : 28th September 2025 (2082/06/12 B.S.)

1. ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu*** invites tender from eligible bidders for the following goods and works, bidding is open to all eligible bidders.
2. Eligible bidders may obtain further information ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu.*** Telephone No. 977-1-4221800, 4221119, Telefax: +977-1-4222864.
3. The Eligible Bidders may obtain further information and can inspect the Bidding Documents in **www.bolpatra.gov.np/egp** and the e-Bidding procedure shall be as specified in the bid document.
   a. Name of Bank : Rastriya Banijya Bank, Teku, Kathmandu
   b. Name of Office : National Academy of Medical Sciences, Bir Hospital
   c. Office Code No. : 370613501
   d. Office Account No : 1000100200010000
   e. Rajaswa Shirshak no : 14229
4. Bid must be purchasing till 12:00 hour date as below.
5. Bids received after the deadline shall not be accepted.
6. If the bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the form of Bank voucher drawn in the name of ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu, Nepal office code no. 370613501 Deposit Account No.: 1700100102030000, of Treasury Controller Office, Tripureshwor, Kathmandu.***
7. Any provisions which are not mentioned in this notice will be consistent with public proceurement act (PPA), 2063/ Public Proceurement Regulation (PPR), 2064 and other prevailing Nepalese Rules.

Bid ID No.	Requirement	Opening Date	Bid Document Fee	Bid Security
NAMS/NCB/GOODS/ 82/83/14	Supply & Delivery of Sarsafai Gppds – PKG-1	2082-07-11; 14:00 hrs.	Rs. 3,000.00	Rs. 3,90,000/-
NAMS/NCB/GOODS/ 82/83/15	Supply & Delivery of Sarsafai Gppds – PKG-2		Rs. 3,000.00	Rs. 60,000/-

- Procurement Unit

Invitation for Bids

Government of Nepal Ministry of Health & Population
GP Koirala National Center For Respiratory Diseases
Dulegauda, Tanahun, Nepal
Invitation Of Bids
Date of publication: 2082/06/12

1. The GP Koirala National Center For Respiratory Diseases Dulegauda, Tanahun Nepal invites electronic bids from eligible bidders for Purchase and Supply of Chemical and Reagents procedures as specified in Public Procurement Act and Regulations under National competitive bidding – Single Stage Single Envelope procedures.
   a. The bidder may submit the bid for entire package as mentioned in BOQ. Evaluation will be done package basis, with contracts awarded based on the award combination that is of least cost to the Purchaser
   b. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of GP Koirala National Center For Respiratory Diseases Dulegauda, Tanahun Nepal or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
   c. Bidder have the option of submitting their bid electronically only. Submission of hard copy bid shall not be entertained. Bidder can down load the bidding document for e- submission from PPMO's web site www.bolpatra.gov.np/egp. Bidder must submit application attaching copies of company/firm registration certificate, VAT Registration and Tax clearance certificates of FY 080/81 electronically.Bidders, submitting their bid electronically, and should deposit the non- refundable fee of NRs. 5000.00/- (Three Thousand only) as the cost of bidding documentin the following Rajaswa (revenue) account as specified below.
   i. Information to deposit the cost of bidding document in Bank:
   ii. Name of the Bank: Nepal Bank Ltd. Damauli, Tanahu Name of Office : Inland Revenue Office Damauli
   iii. Office Code no. : 370003801 Office Account no.: 00101000000001001001
   iv. Rajaswa (revenue) Shirshak no. : 14229
   v. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in (DHARAUTI KHATA) :0600100000200300001 Nepal Bank Ltd. Damauli, Tanahu , Office Code no.: 370003801, Office Name : KA2.3 -KO LE NI KA TANAHU DHARAUTI KHATA (Cash Deposit form of 4 Pages Ko.le.ni.ka vauchar) (G.P Koirala National Centre for Respiratory Disease) and submit bank deposit voucher along with the bid
2. Pre-bid meeting shall be held at GP Koirala National Center For Respiratory Diseases Dulegauda, Tanahun Nepal at 2:00 PM 2082/6/27
3. Electronic bids must be submitted to the through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on 31st days. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM at 31th days of bid publication notice at the office of GP Koirala National Center for Respiratory Diseases Dulegauda, Tanahu. Bids must be valid for a period of ***90 days*** from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. ***858141 /-/*** Eight Lakh Fifty Eight Thousand One Hundred and Forty One Rupees/, which shall be valid for 30 days beyond the validity period of the bid.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.

केवल दिवसिक मिडियाहाउस प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बालाखाँ, काठमाडौं, लिमिटेड नं. ९५२/०५४/०५५, फोन : ५२५३००, फ्याक्स : ५२५२२५२, इमेल : nagarik@nagariknews.com, अध्यक्ष : विनोदराज ज्ञवाली, सम्पादक : सोभा ज्ञवाली, प्रधान सम्पादक : गुणराज लुइँटेल